लुम्बिनी साँस्कृतिक नगरपालिका

रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ७ | संख्याः १३ | मितिः २०८०/०९/२८ |

भाग-२

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा (१) बमोजिम लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिका एवम् नगर सभाबाट पारित गरि सर्वसाधारणको जानकारीका लागि कार्यविधि प्रकाशित गरिएको छ।


# लुम्बिनी साँस्कृतिक नगरपालिकाको शैक्षिक संस्था सञ्चालन तथा व्यवस्थापन अनुदान सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः**

लुम्बिनी साँस्कृतिक नगरपालिकाबाट नगरपालिका अन्तर्गत रहेका विभिन्न सामुदायिक विद्यालय, मदरसा, सामुदायिक सिकाई केन्द्र र क्याम्पसहरुलाई प्रदान गरिने व्यवस्थापन तथा सञ्चालन अनुदानलाई वस्तुनिष्ठ, पारदर्शी, उद्देश्यमुलक र नतिजामुलक बनाई विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न, शैक्षिक एवम भौतिक पुर्वाधार निर्माण गरी विद्यालयमा पठन सँस्कृतिको विकास गर्न र शिक्षक विद्यार्थीलाई प्रोत्साहन गरी शैक्षिक मनोवल अभिवृद्धि गर्न वाञ्छनिय देखिएकोले “लुम्बिनी साँस्कृतिक नगरपालिकाको शैक्षिक संस्था सञ्चालन तथा व्यवस्थापन अनुदान सञ्चालन सम्बन्धी कार्यविधि, २०८०” जारी गरिएको छ।

## परिच्छेद १

**१) संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "लुम्बिनी साँस्कृतिक नगरपालिकाको लुम्बिनी साँस्कृतिक नगरपालिकाको शैक्षिक संस्था सञ्चालन तथा व्यवस्थापन अनुदान सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ। यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

**२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) "कार्यविधि" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको लुम्बिनी साँस्कृतिक नगरपालिकाको शैक्षिक संस्था सञ्चालन तथा व्यवस्थापन अनुदान सञ्चालन सम्बन्धी कार्यविधि, २०८० सम्झनुपर्दछ।

ख) "कार्यपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "नगरपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकालाई सम्झनु पर्दछ।

घ) "संविधान" भन्नाले नेपालको संविधानलई सम्झनु पर्दछ।

ङ)"शैक्षिक संस्था" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरु, मदरसाहरु, सामुदायिक सिकाई केन्द्रहरु र यस नगरपालिकाभित्र रहेका क्याम्पसहरुलाई समेत सम्झनु पर्दछ।

च) "अनुदान" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाबाट विभिन्न शिर्षकमा विद्यालयलाई प्रदान गरिने जुनसुकै प्रकारको अनुदानलाई सम्झनुपर्दछ।

छ) "शिक्षा समिति" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकामा गठित शिक्षा समितिलाई सम्झनु पर्दछ।

ज) "शिक्षा शाखा" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको शिक्षा शाखा सम्झनु पर्दछ।

## परिच्छेद –२

**१) शैक्षिक तथा भौतिक सरचना निर्माण एवम् खरिद गर्न सकिने**

क) लुम्बिनी साँस्कृतिक नगरपालिकाबाट विद्यालयलाई प्रदान गरिने अनुदानबाट विद्यालयहरुका अधुरा भौतिक सरचना निर्माण गर्न, शैक्षिक पुर्वाधारहरु निर्माण गर्न एवम् शैक्षिक सामाग्री

खरिद गर्न सकिनेछ। नगरपालिकाबाट लागत अनुमान तथा सम्झौता नगरी कुनै पनि प्रकारको कार्य गर्न पाईने छैन।

ख) नगरपालिकाबाट कार्यादेश लिई मात्र खरिद कार्य अगाडी बढाउन सकिनेछ। स्वयम नगरपालिकाले समेत खरिद कार्य अगाडी बढाउन कुनै बाधा पर्ने छैन।

## परिच्छेद ३

## शिक्षकहरुलाई प्रोत्साहन गर्न सकिने

१) **न्युन तलब भएका शिक्षकहरुलाई तलव बृद्धि गर्न सकिने र तलब उपलब्ध गराउन सकिने**

क) लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गत रहेका शैक्षिक संस्थाहरुमा कार्यरत न्युन तलब भएका शिक्षकहरुलाई बजेटको अवस्था हेरी शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार थप तलब उपलब्ध गराउन सकिनेछ।

ख) उपदफा (क) बमोजिम शिक्षा समितिले सिफारिस गर्दा अस्वभाभिक रुपमा थप गरी सिफारिस पाईने छैन। बजेटको अवस्था हेरी अधिकतम १० देखि १५ प्रतिशतसम्म वृद्धि गर्न सकिनेछ। यसरी बृद्धि गर्दा नेपाल सरकारले तोकेको पद तथा दर्जा अनुसारको तलबभन्दा बढी हुनु हुँदैन।

ग) वडा कार्यालयबाट छुट्याईएको व्यवस्थापन तथा सञ्चालन अनुदानको रकमबाट शिक्षकलाई प्रोत्साहन गर्न चाहेमा सम्बन्धित वडा समितिको निर्णय र सिफारिस सहित शिक्षा समितिमा पेश गर्नुपर्नेछ र शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार रकम निकासा गरिनेछ।

घ) नेपाल सरकारबाट अनुदान प्राप्त नहुने शैक्षिक संस्था सञ्चालनका लागि कार्यापालिकाको निर्णयानुसार तलब समेत उपलब्ध गराउन सकिनेछ।

ङ) प्रोत्साहन प्राप्त गर्ने शिक्षक सम्बन्धित तहमा नेपाल सरकारले तोकेको न्यूनतम शैक्षिक योग्यता प्राप्त हुनुपर्ने।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन

१) **अतिरित्त क्रियाकलाप।**

क) विद्यालयलाई प्रदान गरिने अनुदानबाट सम्बन्धित विद्यालयले शिक्षा शाखाको सिफारिसमा

प्रतिस्पर्धात्मक अतिरित्त क्रियाकलाप सञ्चालन गर्न सक्नेछ। यसरी अतिरित्त क्रियाकलाप सञ्चालन गर्दा नगरपालिकाको बार्षिक पुस्तिकामा रहेको नर्स र अर्थमन्त्रालयको मापदण्ड अनुसार हुनुपर्नेछ।

## परिच्छेद – ५

## अनुदान विद्यालयको खातामा पठाउन सकिने

१) **खातामा पठाउन सकिने**:

क) नगरपालिकाबाट सम्झौता भई कार्यादेश दिएपछि नगरपालिकाले सम्बन्धित विद्यालयको खातामा सम्झौता अनुसारको रकम पेश्की स्वरुप उपलब्ध गराउन सक्नेछ र सम्बन्धित विद्यालयले सम्झौता अनुसार कार्यसम्पन्न गरी भुत्तानी माग गर्न समेत सक्नेछ।

ख) यसरी उपलब्ध गराईएको अनुदानमध्ये निर्माण कार्यका लागि १० प्रतिशत मोविलाईजेशन वापत र तलब वा प्रोत्साहनका लागि प्रदान गरिने अनुदान १०० प्रतिशत उपलब्ध गराई रकम रोक्का राखिनेछ । यसरी रोक्का राखिएको रकम रनिङ्ग बिल अनुसार क्रमश फुकुवा गर्दै लगिनेछ।

ग) समयमा पेश्की फछ्यौट नगर्ने तथा विल भरपाई पेश नगर्ने विद्यालयको खाता रोक्का गर्ने अधिकार आर्थिक प्रशासन शाखाको हुनेछ।

## परिच्छेद ६

## अनुगमन गर्न सकिने

१. **अनुगमन गर्ने सम्बन्धी व्यवस्था**:

क) यसरी नगरपालिकाबाट उपलब्ध गराईने व्यवस्थापन तथा सञ्चालन अनुदानको नियमित रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्न तपसिल अनुसारको शैक्षिक संस्था सञ्चालन तथा व्यवस्थापन अनुगमन समिति गठन गर्न सकिनेछ।

| | | |
|---|---|---|
| नगर प्रमुख | - | संयोजक |
| नगर उप प्रमुख | - | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | - | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - | सदस्य |
| शिक्षा शाखा प्रमुख | - | सदस्य सचिव |

ख) यसरी अनुगमन समितिले पेश गरेको प्रतिवेदन शिक्षा समितिमा पेश गरी कार्यपालिकामा छलफलका लागि पेश गर्नुपर्नेछ।

## परिच्छेद ६

### शंसोधन वा खारेज गर्न सकिने:

१. यो कार्यविधिमा लेखिएको कुनै दफा उपदफाहरू खारेज वा शंसोधन गर्नुपरेमा कार्यपालिका बैठकको निर्णयबाट खारेज वा शंसोधन हुनेछ।

## परिच्छेद ७

### बाधा अड्काउ फुकाउने अधिकार:

१. यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले उक्त बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधिमा परे सरह मानिनेछ।

## परिच्छेद – ८

### १. बचाउ र लागु नहुने

१. यस कार्यविधिमा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ (२) यस कार्यविधिमा लेखिएका दफा तथा उपदफाहरू संघीय ऐन र प्रादेशिक ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन्।

आज्ञाले
राम प्रसाद ज्ञवाली
प्रमुख प्रशासकिय अधिकृत